# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष : ६ , खण्ड : ८ ,          मिति : २०७९ साल श्रावण ३० गते**

भाग-२

**कुखुरा पालक कृषकलाई चल्ला खरिदमा २५ प्रतिशत अनुदान सहयोग कार्यक्रम कार्यबिधि २०७९**

**प्रस्तावना,**

अन्नपूर्ण गाउँपालिका पशुपंक्षी विकासको क्षेत्रमा निरन्तर क्रियाशील रहदै आएको छ । कृषकले उत्पादन गरेका कृषि तथा पशुपंक्षी उपजको लागत न्यूनिकरण गरि उत्पादित बस्तुलाई बजार प्रतिस्पर्धी बनाउँदै कृषकलाई नियमित प्रोत्सहान गरि उत्पादन बृद्धि गराउनुपर्ने आवश्यकता छ । कुखुराको मासु तथा अण्डा उत्पादन, संकलन, तथा वितरण बजारीकरण गर्ने कृषक लाई जिम्मेवार बनाई उत्पादन परिमाणका आधारमा अनुदान उपलब्ध गराउँदा कृषक बर्गमा उत्साह बढ्न गई हाल बिद्यमान उत्पादनमा बृद्धि समेत भई कृषकलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन अन्नपुर्ण गाउँपालिका कार्यालय आ,ब २०७९/८० को नीति तथा कार्यक्रम मार्फत व्यवसायिक कुखुरा पालन सुचिकृत कृषकलाई चल्ला खरिदमा २५ % अनुदान सहयोग गर्नको लागि नीति तथा बजेटको ब्यवस्था भए अनुसार अन्नपुर्ण गाउँपालिकाले " कुखुराको मासु तथा अण्डा उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहगोग कार्यक्रम कार्यबिधि, २०७९" बनाई अनुदान वितरण प्रकृयालाई व्यवस्थित,

सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउनको लागि स्थानीय तह संचालन नियमावलीको अधिनमा रही यो कार्यबिधि तयार गरि लागु गरियको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यबिधिको नाम " चल्ला खरिदमा २५ % प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यबिधि, २०७९" रहेको छ ।

ख. यो कार्यबिधि अन्नपुर्ण गाउँपालिका भरी कार्यपालिका बिधान समितिले पास गरेपछि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क. "कार्यालय" भन्नाले अन्नपुर्ण गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,माछापोखरी ,कास्की सम्झनु पर्दछ ।

ख. "कार्यबिधि" भन्नाले कार्यालयले तयार पारेको व्यवसायिक कुखुरा पालक कृषकलाई उत्पादनको आधारमा चल्ला खरिदमा २५ % प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यबिधि,२०७९ सम्झनु पर्दछ ।

ग. "समिति" समुह, ब्यबासायिक कृषक, भन्नाले दफा ६ अनुसारको सम्झनु पर्दछ ।

**३. उद्धेश्यहरुः**

क.कुखुराको मासु र अण्डा गुणस्तरमा सुधार गरि मापदण्ड मासु र अण्डा अनुसार उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठीत, सम्मानित एबं दिगो रुपले विकास गर्ने ।

ख. अनुदान वितरण नीतिलाई उत्पादनमा आधारित बनाउने ।

ग. ठुला ,साना तथा सिमान्तकृत कृषकहरुलाई संगठित तथा बजारमुखी बनाउने ।

घ. अनुदान वितरण प्रकृयालाई सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउने ।

**४. कार्यक्रम संचालन प्रकृया**

क. व्यवसायिक कृषक,समुह लाई लक्षित गरी अनुसूची १ को ढाँचामा प्रस्ताव आव्हान गरिने छ ।

ख. व्यवसायिक कृषक,समुहले तोकीएको म्याद भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालको सिफारिस सहित पशु सेवा शाखामा आवेदन दिनुपर्नेछ ।

ग. व्यवसायिक कृषक,समुह बाट आएका आवेदनहरुलाई अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले स्वीकृत गर्नेछ।

घ. अनुदानको लागि छनौट भएका व्यवसायिक कृषक, समुहलाई कार्यालयले अनुसूची ३ बमोजिम सम्झौता गर्नेछ ।

ङ. सम्झौता पछि छनौट भएका व्यवसायिक कृषक,समुह लाई कार्यालयबाट बिनियोजित बजेटको परिधिभित्र रही उक्त ब्यबसायको नाममा संचालन भएको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

च. अनुदान रकम प्राप्त गर्नको लागि व्यवसायिक कुखुरा पालन कृषकले बोइलर,र लेयस कम्तिमा १००० तथा स्थानीय र कालीजको हकमा कम्तिमा ५०० कुखुरा पालन गरेको तथा स्थानीय तहमा दर्ता भयको हुनुपर्ने छ ।

छ. व्यवसायिक कुखुरा पालक कृषक समुहको हकमा तोकीय मापदण्ड पुरा गरेपछी अनुदान रकम बैंक/ बित्तीय संस्थामा जम्मा गरिने छ ।

ज. कुखुरा चल्लाको मूल्य सरकारी चल्ला स्रोत केन्द्रको दररेटलाई आधार मानीने छ |

झ. स्थानीय,कालिज, लेयर्स पालनको हकमा वर्षको १ पटक तथा बोइलरको हकमा वर्षको २ पटक सम्म बढीमा अनुदान रकम उपलब्ध गराउन सकीने छ |

**५ .ब्यबसायीक कुखुरा पालनको मापदण्डः** मापदण्ड देहाय बमोजिमको हुनेछः

क. बोइलर,र लेयस कम्तिमा १००० कुखुरा पालन गरेको तथा स्थानीय र कालीजको हकमा कम्तिमा ५०० कुखुरा पालन गरेको -स्थानीय,कालिज, लेयर्स,बोइलर- ।

ख. व्यवसायिक कुखुरा पालन दर्ता/ सुचिकृत भएको हुनु पर्ने ।

ग. आधिकारी स्रोत केन्द्रबाट चल्ला खरिद गरिएको बिल हुनु पर्ने, ।

घ. मापदण्ड अनुसार खोर भएको हुनु पर्ने |

**६. समिति सम्बन्धि व्यवस्थाः**

६.१ कार्यक्रम संचालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समिति गठन हुने छ ।

क.आर्थिक विकास समितिको संयोजक अन्नपुर्ण गाउँपालिकाको कार्यालय संयोजक

ख. शाखा प्रमुख, सहकारी शाखा, अन्नपूर्ण गा.पा. को कार्यालय सदस्य

ग, शाखा प्रमुख, पशु सेवा शाखा, अन्नपूर्ण गा.पा.को कार्यालय सदस्य-सचिव

६.२ अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै बिज्ञ, बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६.३ अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) अवश्यक परेमा समितिले फिल्ड प्रमाणीकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने।

(ख) अनुदान रकम तोक्ने ।

(ग) व्यवसायिक फर्म स्थलगत अनुगमन र निरिक्षेण गरि अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले प्रतिवेदनको आधारमा औचित्य हेरी सिफारिस सगै स्वीकृत/अस्बिकृत गर्न सक्ने छ ।

**७. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ । अनुगमन/ निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीत गरी आवश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गर्नेछ ।

**८. आर्थिक प्रशासन सेवाः** यस कार्यविधि बमोजिम गठन भएका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई कार्यमा थप जिम्मेवारी तथा प्रोत्सहानको लागि बैठक भत्ता कार्यालयबाट नियमअनुसार उपलब्ध हुनेछ । अनुगमन, मूल्याङ्कन तथा स्थलगत निरीक्षण कार्यमा खटिदा खटाईएका व्यक्तिहरुलाई नियमानुसार भत्ता कार्यालयबाट भुक्तानी हुनेछ ।

**९. थपघट वा हेरफेरः** यस कार्यालयको कार्यान्वयन पक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार गाउँकार्यपालिका बैठकबाट थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

**अनुसूची १**

**(बुँदा ४ को “क” सग सम्बन्धी )**

**अन्नपुर्ण गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, माछापोखरी,कास्की**

व्यवसायीक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रममा अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रस्ताव आव्हानको ढाँचाः

# सूचना

**(प्रथम पटक प्रकाशन गरिएको मितिः ...............)**

अन्नपुर्ण गाउँपालिका, गाउँकार्यपालिको कार्यालय,माछापोखरी ,कास्कीको आर्थिक बर्ष २०७९/८० मा स्वीकृत व्यवसायीक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रम अनुसार ईच्छुक योग्यता पुगेका व्यवसायीक कुखुरा पालन कृषकले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयलमा निम्न अनुसारका कागजात विवरण [ बोइलर,र लेयस कम्तिमा १००० कुखुरा पालन गरेको तथा स्थानीय र कालीजको हकमा कम्तिमा ५०० कुखुरा पालन गरे] वापतको चल्ला खरिदमा २५% अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु सम्बन्धित शाखा/केन्द्रबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

१. अनुसूची २ बमोजिमको आवेदन पत्र ।

२. व्यवसाय दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।

३. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

४. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।

५.अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फारम ।

६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

# अनुसूची २

**(बुँदा ४ को "ख" सग सम्बन्धी )**

व्यवसायिक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रममा व्यवसायिक कुखुरा पालक कृषकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः २०...../...../....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
अन्नपुर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, माछापोखरी,कास्की ।

बिषयः व्यवसायिक कुखुरा पालक कृषकलाई चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ताहाँ कार्यालयको मिति............................ गते प्रकाशन गरिएको सूचना अनुसार यस ................................फर्मको संचालक .................... ..................व्यवसायिक कुखुरा पालन कृषकलाई चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रमको लागि कार्यक्रममा समावेश हुन ईच्छुक रहेकाले तपशील अनुसारका कागजात सहित यो निवेदन पेश गरेका छु/छौं ।

**तपशीलः**

१. व्यवसाय दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।
२. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।
३. चल्ला खरिदको बिल
४. अनुसूची ५ बमोजिमको विवरण भरेको फारम ।
५. ........... नं. वडा कार्यालयको सिफारिस पत्र ।

**निवेदक**

नाम थरः
पदः
ठेगानाः
सम्पर्क नं
फर्मको छाँपः

## अनुसूची ३

## (बुँदा ४ को “घ” सग सम्बन्धीत )

## दुई पक्षीय सम्झौता पत्र

अन्नपुर्ण गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, माछापोखरी कास्की (यस पछि प्रथम पक्ष भनिने) र ........................ व्यवसायिक कुखुरा पालक कृषक/समुह........... (यस पछि दोस्रो पक्ष भनिने) कुखुरा पालक कृषकलाई उत्पादकको आधारमा चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रममा तपशीलका शर्तहरुको अधिनमा रही यो सम्झौता दुबै पक्षबाट पालना गर्ने/गराउने गरी दुईपक्षीय सम्झौता गरिएको छ

तपशीलः

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु. .................... (अक्षरुपी.............................)दोस्रो पक्षलाई बैंक खातामा पेश्की स्वरुप बैंक खातामा एकमुष्ट रुपमा एकाउण्ट पेयी चेक मार्फत जम्मा गरिदिनेछ ।
२. कुखुरा पालन समुहको हकमा वडा समितिका सदस्य समेतको उपस्थितिमा मापदण्ड बमोजिम अनुदान रकम कृषकलाई एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।
३. अनुदानको रुपमा प्राप्त रकमलाई कुनै पनि वाहानामा अन्य संचालन तथा व्यवस्थापन खर्चमा उपलब्ध हुने छैन चल्ला खरिदमा २५% अनुदान रकम स्वीकृत स्रोतकेन्द्रको दररेटको आधारमा ब्रोइलरको हकमा बर्षको २ पटक तथा लेयर्स ,स्थानीय र कालिजको हकमा बर्षको १ पटक मात्र उपलब्ध हुने छ ।
४. दोस्रो पक्षले अनुदान रकमको चेक प्राप्त पश्चात ब्यबसाय छोडी दुरुपयोग गरेको पाईएमा प्रथम पक्षले कानून बमोजिम कार्यवाहीको लागि प्रकृया अगाडि बढाउन सक्नेछ,ब्यबसाय नियमित रुपमा संचालन भयको हुनुपर्ने छ ।
५. अनुदान वितरण कार्यपारदर्शी तथा प्रभावकारी कार्यान्वयनको लागि दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ ।
६. यस सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मितिः २०..../...../......

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| व्यवसायिक फर्मको नामः | कार्यालयको नामः |
| ठेगानाः | ठेगानाः |
| छाँपः | छाँपः |

**अनुसूची ४**

**(बुँदा नं ५ सग सम्बन्धीत)**

कुखुरा चल्ला खरिदमा २५% अनुदान सहगोग कार्यक्रममा सहभागी हुने

कुखुरा पालक कृषक/फार्म विवरणः

१. ब्यबसायीको नामः फार्मको नाम

२. ठेगानाः

३. दर्ता मितिः

४. कुल कुखुरा पालन संख्याः कुखुरा जात ................

५. प्रति लट कुल कुखुरा पालन संख्याः

६. बार्षिक पालन अधिकतम लट

७. पहिलो लट महिना, ............... कुखुरा संख्या

८. दोस्रो लट महिना, ............... कुखुरा संख्या

९. तेस्रो लट महिना, ............... कुखुरा संख्या

१०चौथो लट महिना, ............... कुखुरा संख्या

११.गत बर्षको न्यूनतम कुखुरा पालन परिमाणः ................ लट, ...........संख्या

१२.जैबीक सुरक्षाको अवस्थाः भएको/ नभएको .....................

१२. बीमा गरे नगरेको ;

१३. रेकर्ड राखेको अवस्थाः राखेको / नराखेको..

१४. आबश्यक उपकरणको अवस्थाः

१५. दाना पानीको अवस्थाः

१६. रेखदेखको अवस्थाः

१७.खोरको अवस्था ,

१८. बातावरण अनुकूलता

**प्रमाणिकरण मिति : २०७९ भाद्र ५**

**राजपत्रमा प्रकाशित मिति : २०७९ भाद्र ५**

**आज्ञाले,**

**खेमराज देबकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**